# जातीय समानताको बढावा निम्ति

# अवस्थित र योजनाबद्ध उपायहरु

# बीमा प्राधिकरण (दी इन्स्योरेन्स अथोरिटी)

बीमा प्राधिकरण("IA")को प्रमुख कार्य भनेको बीमा उद्योगको सामान्य स्थिरताको प्रवर्द्धनको नियमन र निरीक्षण गर्नको साथै अवस्थित र सम्भावित नीति धारकहरुको उनीहरुको विविध जातियताको बाबजुद संरक्षण गर्नु हो । IAले जातीय समानता बढाउनका निम्ति निम्न उपायहरु लिएको/लिने योजना गरेको छ:

## A. सर्वसाधारणहरुसँग कारोबार गर्ने क्रम

| | |
|---|---|
| सम्बन्धित सेवाहरु | • उजुरी र सोधपुछ सम्हाल्ने क्रममा जातीय समानता सुनिश्चित गर्न |
| अवस्थित उपायहरु | • उजुरीकर्ता, सोधपुछकर्ता र/वा पार्टीहरुको विविध जातीका बाबजुद सबै उजुरीहरु र सोधपुछहरु उचित रुपमा सम्हाल्ने<br>• विविध जातिका सेवा प्रयोगकर्ताहरुद्वारा बोलेका भाषाहरुको पहिचान गर्न सक्रिय उपायहरु लागू गरिएको छ ।<br>• यदि उजुरी/सोधपुछ समान अवसरहरुसँग सम्बन्धित भएमा, IAले समान अवसर आयोग(EOC)लाई मुद्दा सम्हाल्नको लागि सिफारिस गर्नेछ । |
| भावी कार्यको मूल्यांकन | • IAले समय समयमा सेवाहरुको समीक्षा गर्नेछ र उपयुक्त रुपमा सुधारहरु गर्नेछ । |
| लिनु पर्ने थप उपायहरु | • IAले अंग्रेजी वा चिनियाँ भाषा बोल्न नसक्ने उजुरीकर्ता र सोधपुछकर्ताहरुका लागि व्यावहारिक भए सम्म आमुने-सामुने बैठक तथा टेलिफोन मार्फत कुराकानीको क्रममा तेस्रो पक्षद्वारा प्रदान गरिने नि:शुल्क दोभाषे सेवाको व्यवस्था गर्नेछ ।<br>• अंग्रेजी र चिनियाँ भाषा बोल्न नसक्ने उजुरीकर्ता तथा सोधपुछकर्ताहरुलाई नि:शुल्क दोभाषे सेवाहरुको उपलब्धता बारे सूचित गराउन भाषा पहिचान कार्ड (आठ भाषाहरुमा[1]) प्रदर्शनको लागि राखिनेछ । |

[1] आठ भाषाहरु बहासा इन्डोनेशिया, हिन्दी, नेपाली, तागलग, थाई, उर्दू, भियतनामी र पन्जाबीलाई जनाउँदछ ।

**B. कर्मचारीको प्रशिक्षण**

| | |
|---|---|
| सम्बन्धित सेवाहरु | • कर्मचारीहरुमा जातीय समानता सम्बन्धित मुद्दाहरुको संवेदनशीलता र चेतना वृद्धि गराउनको साथै जातीय समानताको अवधारणा प्रतिको बुझाई बढाउन |
| अवस्थित उपायहरु | • सबै कर्मचारीहरु जातीय भेदभाव अध्यादेश र जातीय समानता दिशानिर्देश सम्बन्धी प्रशिक्षित छन् ।<br>• जातीय विविधता र समावेशीकरणमा कर्मचारीको सचेतना बढाउनको निम्ति समय-समयमा कार्यशाला, गोष्ठी र अनुभव साझा गर्ने सत्रहरु साथै कर्पोरेट सामाजिक उत्तरदायि गतिविधिहरुको आयोजना गरिन्छ । |
| भावी कार्यको मूल्यांकन | • IA ले कर्मचारीलाई उपयुक्त प्रशिक्षण कोर्सहरुको व्यवस्था गर्न सोधपुछकर्ताहरु तथा/वा उजुरीकर्ताहरुबाट प्राप्त प्रतिक्रिया र सुझावहरुको संकलन गर्नुको साथै विश्लेषण गर्दछ । |
| लिनु पर्ने थप उपायहरु | • IA ले जातीय समानता र कर्मचारीको समावेशीकरणको लागि उपयुक्त प्रशिक्षण तथा गतिविधिहरुको व्यवस्था गर्न अन्य सरकारी विभागहरु, गैर-सरकारी संगठनहरु र सान्दर्भिक संस्थाहरुसँग सम्पर्क गर्नेछ । |

**C. सार्वजनिक सोधपुछ/उजूरी**

**सामान्य सोधपुछहरु** –

टेलिफोन: (852) 3899 9983

फ्याक्स: (852) 3899 9993

ईमेल: enquiry@ia.org.hk

**उजूरीहरु** –

मार्केट कन्डक्ट डिभिजन

ईमेल: complaints@ia.org.hk

**बीमा प्राधिकरण**

**मे 2020**